सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण

२०८१ चैत

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।

भूमिका

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शी एवम् जवाफदेही बनाउने प्रयोजनका लागि सार्वजनिक संस्थाका नीतिगत, प्रक्रियागत तथा व्यवस्थापकीय गतिविधि समेटी विवरणहरू सार्वजनिक गर्नुपर्ने प्रावधानबमोजिम यो पुस्तिका प्रकाशन गरिएको छ । मुलुकको केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले सम्पादन गर्ने कामकारबाहीलाई बैंकको वेबसाइट (www.nrb.org.np), विभिन्न प्रकाशन, सामाजिक सञ्जाल लगायतका माध्यममार्फत सर्वसाधारणको जानकारीको लागि नियमित रूपमा सार्वजनिक गर्दै आएको छ ।

बैंकको कामकारबाही सम्बन्धी अद्यावधिक तथ्याङ्क एवम् विवरण उपलब्ध गराई यो पुस्तिका तयार गर्न सहयोग पुऱ्याउने सम्बन्धित विभाग/कार्यालय/महाशाखालाई धन्यवाद ज्ञापन गर्दछु ।

सुमन नेउपाने
सूचना अधिकारी
नेपाल राष्ट्र बैंक

विषय सूची

विवरण **पेज नं.**

१. नेपाल राष्ट्र बैंक १
२. सङ्गठनात्मक स्वरूप २
३. नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी र कर्मचारी सङ्ख्या २
४. कार्यक्षेत्र ३
५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा ३
६. गुनासो सुनुवाइसम्बन्धी व्यवस्था ३
७. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पर्क टेलिफोन नम्बर ४
८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ५
९. निर्णय गर्ने प्रक्रिया र अधिकारी ५
१०. निर्णयउपर उजुरी सुन्ने अधिकारी ५
११. सम्पादन गरेको मुख्य कामको विवरण ६
१२. संस्था प्रमुख र सूचना अधिकारीको नाम तथा सम्पर्क टेलिफोन नम्बर ८
१३. ऐन, नियम र निर्देशिकाको सूची ८
१४. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण ११
१५. अन्य विवरण १२

१. नेपाल राष्ट्र बैंक

(क) परिचय

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) अनुसार मुलुकको केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । यस बैंकले नेपाली मुद्राको निष्कासन, बैंकिङ क्षेत्रको नियमन तथा सुपरिवेक्षण, मूल्य स्थायित्व, बाह्य क्षेत्र स्थायित्व, वित्तीय क्षेत्र स्थायित्व, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान, बैंकिङ तथा भुक्तानी प्रणालीको विकास लगायतका क्षेत्रमा कार्य गर्दछ । नेपाल राष्ट्र बैंकले नेपाल सरकारको बैंकर, आर्थिक सल्लाहकार र वित्तीय एजेन्टको भूमिकासमेत निर्वाह गर्दै आएको छ ।

(ख) दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रूपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

(ग) लक्ष्य

प्रभावकारी मौद्रिक, विदेशी विनिमय, वित्तीय क्षेत्र र भुक्तानी प्रणालीनीतिमार्फत दिगो र समावेशी आर्थिक विकास हासिल गर्दै समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम राख्ने लक्ष्य बैंकले लिएको छ ।

(घ) उद्देश्य

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएको छ ।

(क) आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने ।

उपरोक्त उद्देश्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

२. सङ्गठनात्मक स्वरूप

नेपाल राष्ट्र बैंकको सङ्गठनात्मक स्वरूप यसप्रकार रहेको छ :



३. नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी र कर्मचारी सङ्ख्या

आर्थिक वर्ष २०८१/८२ को निम्ति नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी देहायबमोजिम रहेको छ :

तह	संख्या
अधिकृत विशिष्ट	१८
अधिकृत प्रथम	५९
अधिकृत द्वितीय	२२७
अधिकृत तृतीय	४१४
सहायक प्रथम	१९२
सहायक द्वितीय	२७२
सहायक तृतीय	११
कार्यालय सहयोगी प्रथम	२२
कार्यालय सहयोगी द्वितीय	६
कार्यालय सहयोगी तृतीय	४१
कार्यालय सहयोगी चतुर्थ	०
कुल स्वीकृत दरबन्दी	**१,२६२**

२०८१ चैत मसान्तसम्म कार्यरत कुल कर्मचारी सङ्ख्या : **१,१७४**

४. कार्यक्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका कार्यहरू देहायबमोजिम निर्धारण गरिएको छः

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैंकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

(ञ) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुलाबजार कारोबार सञ्चालन गर्ने,

(ट) यस ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नुपर्ने अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्ने, गराउने ।

५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्रअन्तर्गतका कार्यहरू ।

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिङ सेवा प्रदान गर्ने ।

(ग) सर्वसाधारणलाई नेपाली रुपैयाँ सटही सुविधा उपलब्ध गराउने ।

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने ।

(ङ) बैंकको दैनिक प्रशासनसम्बन्धी कार्यहरू गर्ने ।

(च) आर्थिक अनुसन्धान तथा अन्वेषण गर्ने ।

६. गुनासो सुनुवाइसम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, अनुमतिप्राप्त भुक्तानी सेवा सञ्चालक/प्रदायक, विप्रेषण कम्पनी, मनिचेञ्जर लगायतका संस्थालाई ग्राहकप्रति निष्पक्ष, विश्वसनीय र पारदर्शी ढङ्गले सेवा प्रवाहलाई निष्पक्ष तुल्याउने उद्देश्यले 'वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७' जारी गरिएको छ । ग्राहकको गुनासो सुनुवाइको निम्ति वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा आठ सदस्यीय गुनासो व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा अर्का डेपुटी गभर्नर, बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयका सहसचिव, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि सदस्य र गभर्नरको कार्यालय, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक सदस्य-सचिव रहने व्यवस्था रहेको छ । समितिको सचिवालयको रूपमा कार्य गर्न गभर्नरको कार्यालयअन्तर्गत वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखामा 'वित्तीय ग्राहक संरक्षण इकाइ' रहेको छ । साथै, गुनासो सुनुवाइलाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले गुनासो सुनुवाई पोर्टल http://gunaso.nrb.org.np सञ्चालनमा ल्याइएको छ ।

७. विभाग, कार्यालय, महाशाखा, इकाइ र जिम्मेवार अधिकारीको सम्पर्क टेलिफोन नम्बर

क्र.सं.	जिम्मेवार अधिकारी	विभाग/महाशाखा/ कार्यालय	टेलिफोन नम्बर
१.	कार्यकारी निर्देशक श्री ऋषिकेश भट्ट	संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं.२४७५
२.	कार्यकारी निर्देशक श्री प्रदीपराज पौड्याल	मुद्रा व्यवस्थापन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१२२
३.	कार्यकारी निर्देशक डा. गुणाकर भट्ट	आर्थिक अनुसन्धान विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २२००
४.	कार्यकारी निर्देशक श्री नरेश शाक्य	आन्तरिक लेखा परीक्षण विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २७६९
५.	कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ	गभर्नरको कार्यालय (काज: राष्ट्रिय योजना आयोग)	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २३२०
६.	कार्यकारी निर्देशक श्री रेवतीप्रसाद नेपाल	विदेशी विनिमय व्यवस्थपन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं.२१०६
७.	कार्यकारी निर्देशक श्री रामु पौडेल	बैंक सुपरिवेक्षण विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २४९१
८.	कार्यकारी निर्देशक श्री विश्रुत थापा	बैंकिङ विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१२६
९.	कार्यकारी निर्देशक श्री दयाराम शर्मा	मौद्रिक व्यवस्थापन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २३३१
१०.	कार्यकारी निर्देशक श्री तुलसीप्रसाद घिमिरे	मानव संसाधन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. १२१०
११.	कार्यकारी निर्देशक श्री गुरुप्रसाद पौडेल	बैंक तथा वित्तीय संस्था नियमन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१०३
१२.	कार्यकारी निर्देशक श्री विमलराज खनाल	लघुवित्त संस्था सुपरिवेक्षण विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २५०२
१३.	कार्यकारी निर्देशक श्री रामप्रसाद गौतम	वित्त व्यवस्थापन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१०९
१४.	कार्यकारी निर्देशक श्री किरण पण्डित	भुक्तानी प्रणाली विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. १३४०
१५.	कार्यकारी निर्देशक डा.सत्येन्द्र तिमिल्सिना	वित्तीय संस्था सुपरिवेक्षण विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २७२५
१६.	कार्यकारी निर्देशक श्री चेतप्रसाद उप्रेती	गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१३२
१७.	कार्यकारी निर्देशक श्री रोशन कुमार सिग्देल	सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. ११६०

१८.	कार्यकारी निर्देशक डा. रामशरण खरेल*	बैंक तथा वित्तीय संस्था नियमन विभाग	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१०३
१९.	निर्देशक श्री हिमप्रसाद न्यौपाने	वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१०४
२०.	निर्देशक श्री वासुदेव भट्टराई	वित्तीय जानकारी इकाइ	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. २१३०
२१.	निर्देशक श्री गिरिजाप्रसाद कोइराला	कानुन महाशाखा	०१-५७१९६४१/४२/४३/४४ एक्स्टेन्सन नं. १२५०

*मिति २०८२/१/२ गतेदेखि लागु हुनेगरी मानव संसाधन व्यवस्थापन विभागमा सरुवा हुनुभएको ।

८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुरः सामान्यतया यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्न टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिएबमोजिमको शुल्क बुझाउनुपर्ने व्यवस्था छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधिः सेवा प्राप्त गर्न यस बैंकबाट जारी निर्देशिका तथा सूचनामा उल्लेख भएबमोजिमको अवधि लाग्नेछ ।

९. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस बैंकमा गरिने निर्णयहरू सामान्यतया नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८) बमोजिम हुने गर्दछन् । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीतिलगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरूका सम्बन्धमा वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ ।

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

१०. निर्णयउपर उजुरी सुन्ने अधिकारी

निर्णय उपरउजुरी सुन्ने अधिकारी निर्णय गर्ने अधिकारीभन्दा एक तहमाथिको अधिकारी वा निकाय हुनेछ ।

११. सम्पादन गरेको मुख्य कामको विवरण

(क) आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिका प्रमुख लक्ष्यहरूको कार्यान्वयन स्थिति

क्र.सं.	लक्ष्य	कार्यान्वयन स्थिति
१	मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्ने ।	२०८१ चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.३९ प्रतिशत र आर्थिक वर्ष २०८१/८२ को नौ महिनाको औसत मुद्रास्फीती ४.५७ प्रतिशत रहेको । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति वार्षिक विन्दुगत आधारमा ४.६१ प्रतिशत र नौ महिनाको औसत ५.९२ प्रतिशत रहेको ।
२	कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने ।	२०८१ चैत मसान्तमा विदेशी विनिमय सञ्चिति रु.२,४२६ अर्ब ८४ करोड कायम भएको । उक्त सञ्चिति १७.१ महिनाको वस्तु आयात र १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहको ।
३	६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने ।	आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप रु.३६८ अर्ब ४७ करोड (५.७ प्रतिशत) र कर्जा रु.३६१ अर्ब ३ करोड (७.१ प्रतिशत) ले बढेको । समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ९.६ प्रतिशतले, निर्माण क्षेत्रतर्फको ११.४ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको ५.२ प्रतिशतले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको १०.२ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको ८.६ प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको ८.३ प्रतिशतले बढेको ।
४	विस्तृत मुद्राप्रदाय १२.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा १२.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण रहेको ।	आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा विस्तृत मुद्राप्रदाय ६.२ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ७.१ प्रतिशतले बढेको । वार्षिक विन्दुगत आधारमा २०८१ चैत मसान्तमा विस्तृत मुद्राप्रदाय ११.६ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.३ प्रतिशतले बढेको ।

(ख) मौद्रिक व्यवस्थापन: आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.२,२१२ अर्ब ५ करोड र स्थायी निक्षेप सुविधामार्फत रु.१४,९७४ अर्ब १० करोड गरी कुल रु.१७,१८६ अर्ब १५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ भने रु. २ अर्ब ७० करोड ओभरनाइट तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरुमार्फत पटक-पटक गरी खुद रु.७६६ अर्ब १९ करोड तरलता प्रशोचन गरिएको थियो ।

समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब ६३ करोड खुद खरिद गरी रु.४८४ अर्ब ७१ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब २६ करोड खुद खरिद गरी रु.५६६ अर्ब ५५ करोड तरलता प्रवाह गरिएको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ८४ करोड बिक्री गरी रु.३८६ अर्ब ८१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ७६ करोड बिक्री गरी रु.३६६ अर्ब ९९ करोडबराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

(ग) **विदेशी विनिमय व्यवस्थापन :** २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १८.९ प्रतिशतले वृद्धि भई २०८१ चैत मसान्तमा रु.२४२६ अर्ब ८४ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८१ चैत मसान्तमा १५.४ प्रतिशतले वृद्धि भई १७ अर्ब ६३ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा रु.१८४८ अर्ब ५५ करोड रहेकोमा २०८१ चैत मसान्तमा १५.६ प्रतिशतले वृद्धि भई रु.२१३६ अर्ब ४६ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा रु.१९२ अर्ब ५५ करोड रहेकोमा २०८१ चैत मसान्तमा ५०.८ प्रतिशतले वद्धि भई रु.२९० अर्ब ३८ करोड कायम भएको छ । २०८१ चैत मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २०.४ प्रतिशत रहेको छ ।

(घ) **वित्तीय पहुँच :** २०८१ चैत मसान्तमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १०७ रहेको छ । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक सञ्चालनमा छन् । बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ असार मसान्तमा ११,५३० रहेकोमा २०८१ चैत मसान्तमा ११,५१६ रहेको छ । यससम्बन्धी अद्यावधिक विवरण https://emap.nrb.org.np/ मा उपलब्ध छ ।

(ङ) **मौद्रिक नीति तथा अध्ययन/अनुसन्धान :** आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति २०८१ साउन ११ गते र सोको अर्धवार्षिक समीक्षा २०८१ फागुन १३ गते सार्वजनिक गरिएको थियो ।

आर्थिक अनुसन्धान विभागले मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित प्रमुख तथ्याङ्कसहित 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' सम्बन्धी प्रतिवेदन मासिक रूपमा प्रकाशन गर्दै आएको छ । यसअन्तर्गत आर्थिक वर्ष २०८१/८२ को नौ महिनाको तथ्याङ्कमा आधारित प्रतिवेदन सार्वजनिक भएको छ । साथै, समीक्षा अवधिमा उक्त विभागबाट सम्पादन गरिएका अध्ययन/अनुसन्धान प्रतिवेदन यस बैंकको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ ।

यस बैंकबाट आर्थिक वर्ष २०८१/८२ मा जारी गरिएको मौद्रिक नीति, देशको वर्तमान आर्थिक एवम् वित्तीय स्थितिलगायत अन्य काम कारवाहीको विस्तृत विवरण बैंकको वेबसाइटमा देहायबमोजिम तथा अन्य लिङ्कमा हेर्न सकिने व्यवस्था गरिएको छ ।

https://www.nrb.org.np/contents/uploads/2024/07/Monetary-Policy-2081-82.pdf

https://www.nrb.org.np/contents/uploads/2025/02/Midterm-Review-of-MP-2081-82.pdf

https://www.nrb.org.np/red/current-macroeconomic-and-financial-situation-nepali-based-on-nine-months-data-of-2081-82/

https://www.nrb.org.np/red/current-macroeconomic-and-financial-situation-english-based-on-nine-months-data-of-2024-25/

https://www.nrb.org.np/red/current-macroeconomic-and-financial-situation-tables-based-on-nine-months-data-of-2024-25/

१२. संस्था प्रमुख तथा सूचना अधिकारीहरूको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

प्रमुख
का.मु.गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना
फोन नं.: ०१-५७१९६४१/४२/४३
एक्स्टेन्सन नं. २११२/२२६७

प्रवक्ता
कार्यकारी निर्देशक श्री रामु पौडेल
फोन नं.: ०१-५७१९६४१
एक्स्टेन्सन नं. २४९१

सह-प्रवक्ता तथा सूचना अधिकारी :
का.मु.निर्देशक श्री सुमन नेउपाने
फोन नं.: ०१-५७१९६०३
एक्स्टेन्सन नं. २१४१

सहायक सूचना अधिकारी :
उप-निर्देशक डा. भागवत आचार्य
फोन नं.: ०१-५७१९६४१/४२/४३/४४
एक्स्टेन्सन नं. २१३९

१३. ऐन, नियम र निर्देशिकाको सूची

ऐनहरू

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३ सहित)।
२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित)।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ (संशोधनसहित)।
५. राष्ट्र ऋण ऐन, २०५९।
६. कम्पनी ऐन, २०६३।
७. दामासाही ऐन, २०६३।
८. सुरक्षित कारोबार ऐन, २०६३।
९. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३।
१०. सार्वजनिक खरिद ऐन, २०६३।
११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०)।
१२. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ (पहिलो संशोधन २०७३)।
१३. सूचनाको हक सम्बन्धी ऐन, २०६४।

नीति, विनियमावली तथा निर्देशिका

१. खुला बजार कारोबार विनियमावली, २०७१।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (चौथो संशोधन २०७७ सहित)।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७७।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१।

५. वित्तीय मध्यस्थतासम्बन्धी विनियमावली, २०५६ ।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन २०७४ सहित) ।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८ ।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१ (दोस्रो संशोधन २०७२ सहित) ।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७५ सहित) ।
१०. ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ ।
११. नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४ ।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित) ।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७४ सहित) ।
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ ।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९ ।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संशोधन २०६७ सहित) ।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ (पहिलो संशोधन २०७४ सहित) ।
१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ ।
१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९ ।
२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ ।
२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ ।
२२. नेपाल राष्ट्र बैंक सञ्चालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३ ।
२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ ।
२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ।
२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधनसहित) ।
२६. Nepal Rastra Bank IT Policy, 2068
२७. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति, २०६६ ।
२८. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।
२९. विदेशी विनिमयमा ऋण लिने दिने सम्बन्धी व्यवस्था ।
३०. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ (दोस्रो संशोधन २०७४ सहित) ।
३१. राष्ट्रिय लघुवित्त नीति, २०६४ ।
३२. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।
३३. शोधनान्तर तथ्याङ्क सङ्कलन निर्देशिका, २०६१ (BOP Manual, 2061)
३४. अन्तर बैंक भुक्तानीसम्बन्धी कार्यविधि २०७३ ।
३५. Assets (Money) Laundering Prevention Rule, 2016
३६. मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ ।

३७. नेपाल राष्ट्र बैंक विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी कार्यविधि, २०७२ ।

३८. नेपाल राष्ट्र बैंक खर्च व्यवस्थापन विनियमावली, २०६४ (संशोधनसहित) ।

३९. Foreign Currency Loan Policy, 2059

४०. नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०६५ (दोस्रो संशोधन २०७३) ।

४१. NRB Board of Directors Meeting and Seal Related Byrules 2063 revised

४२. Qualification of Directors and CEO Bylaws, 2074

४३. उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण निर्देशिका, २०७३ ।

४४. नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजत पत्र तथा निरीक्षण विनियमावली,२०६७ ।

४५. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ ।

४६. नेपाल राष्ट्र बैंक मनिचेञ्जर विनियमावली, २०६७ ।

४७. Payment System Oversight Framework.

४८. सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५ ।

४९. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७० (दोस्रो संशोधन, २०७५) ।

५०. पूर्वाधार विकास बैंकको इजाजतसम्बन्धी नीतिगत व्यवस्था, २०७४ ।

५१. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ ।

५२. सरकारी कारोबार निर्देशिका, २०७६ (पहिलो संशोधन २०७७ सहित) ।

५३. नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७ ।

५४. भुक्तानी प्रणाली निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८ ।

१४. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण

Nepal Rastra Bank

Statement of Financial Position (Monthly-Provisional)

As at 31st Chaitra 2081

LIABILITIES & EQUITY	31 Chaitra 2081	31 Ashadh 2081	ASSETS	31 Chaitra 2081	31 Ashadh 2081
Foreign currency liabilities			**Foreign currency assets**		
Derivative liabilities	-	-	Cash and balances with banks	237,274,643,326	131,658,377,029
Deposit of bank and financial institutions	6,113,444,559	12,868,855,095	Derivative assets	-	-
IMF related liabilities	40,193,984,892	38,953,389,315	IMF related assets	23,067,573,329	23,991,803,148
			Term deposit with foreign banks	671,280,049,675	598,508,477,426
			Investments in foreign securities	1,239,111,284,092	1,127,741,874,366
			Investment in Gold Certificates	111,776,578,727	83,322,433,218
			Other receivables	5,014,005	-
Total foreign currency liabilities	**46,307,429,451**	**51,822,244,410**	**Total foreign currency assets**	**2,282,515,143,154**	**1,965,222,965,187**
Local currency liabilities			**Local currency assets**		
Bills Payable	54,534,755	111,732,583	Balances with banks	6,011,429	6,144,630
Deposit of bank and financial institutions	284,761,218,532	290,718,269,398	Investment in Government securities	25,977,200,733	23,047,152,978
Deposit of Government	340,551,671,790	63,953,391,009	Investment in bonds & term deposit	7,229,291,054	7,381,089,826
Deposit of other institutions	15,911,222,025	20,063,196,070	Advances and receivable from Government	262,837,718	1,946,658,278
Currency in circulation	736,810,239,570	680,048,802,701	Loan and advances to bank and financial institutions	118,231,550	118,433,601
Due to bank and financial institutions	251,550,000,000	355,450,000,000	Other loan and advances	10,435,484,692	9,399,741,857
IMF related liabilities	11,859,006,210	11,859,006,209	Equity investment	4,312,544,563	4,302,806,764
Surplus payable to Government	17,000,000,000	37,223,820,561	Other receivables	11,008,049	1,745,467
Other liabilities	2,115,424,124	1,592,587,319	Gold and silver assets	44,003,521,309	44,003,521,309
Pension and other employment benefits payable	4,291,198,156	5,363,189,943	Inventories	1,669,825,740	1,449,807,211
			Property, plant and equipment	6,506,010,486	6,437,994,139
			Intangible assets	44,654,681	43,330,321
			Other assets	3,662,881,669	3,662,986,225
Total local currency liabilities	**1,664,904,515,163**	**1,466,383,995,793**	**Total local currency Assets**	**104,239,503,672**	**101,801,412,606**
EQUITY					
Capital	5,000,000,000	5,000,000,000			
Reserves	670,542,702,211	543,818,137,590			
Total liabilities and equity	**2,386,754,646,825**	**2,067,024,377,793**	**Total assets**	**2,386,754,646,825**	**2,067,024,377,793**

Suraksha Subedi	Raju Paudel	Keshab Prasad Timilsina	Rajan Dev Bhattarai
Assistant Director	Deputy Director	Director	Acting Executive Director

१५. अन्य विवरण

(क) नेपाल राष्ट्र बैंकको वेबसाइट : www.nrb.org.np

(ख) अन्य प्रकाशित पुस्तक/पुस्तिका एवम् सूचना सामग्रीहरू

नेपाल राष्ट्र बैंक समाचार – मासिक

NRB News – त्रैमासिक

नेपाल राष्ट्र बैंक समाचार वार्षिकोत्सव विशेषाङ्क– वार्षिक

मिर्मिरे– अर्धवार्षिक

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति – मासिक

मौद्रिक नीति – वार्षिक

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्धवार्षिक

मौद्रिक नीतिको त्रैमासिक समीक्षा – त्रैमासिक

वार्षिक प्रतिवेदन– वार्षिक

NRB Economic Review– अर्धवार्षिक

Macroeconomic Indicators– त्रैमासिक

नेपाल राष्ट्र बैंकको वित्तीय विवरण – मासिक

Nepal Rastra Bank: Then, Now and Ahead; April 2016

विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, २०७० पुस

Sixty Years of Nepal Rastra Bank

Reflection of Former Governors

(ग) केन्द्रीय कार्यालयका टेलिफोन नम्बरहरू

केन्द्रीय कार्यालय, बालुवाटरका टेलिफोन नम्बरहरू
०१-५७१९६४१, ५७१९६४२, ५७१९६४३, ५७१९६५३, ५७१९६५९

(घ) बैंकिङ विभाग, थापाथली, काठमाडौंका टेलिफोन नम्बरहरू

०१-५७१९६८३, ५७१९६८४, ५७१९६८६, ५७१९६८८

(ङ) प्रदेशस्थित कार्यालयका टेलिफोन नम्बरहरू

क्र.सं.	कार्यालयको नाम	स्थान	टेलिफोन नं.	फ्याक्स नं.
१.	ने.रा.बैंक, विराटनगर कार्यालय	विराटनगर	०२१-४४२१९०	०२१-४४२३१९
२.	ने.रा.बैंक, जनकपुर कार्यालय	जनकपुर	०४१-४२६३६२	०४१-४२६२७७
३.	ने.रा.बैंक, वीरगञ्ज कार्यालय	वीरगञ्ज	०५१-४१८१५३	०५१-४१८१०२
४.	ने.रा.बैंक, पोखरा कार्यालय	पोखरा	०६१-४६२७१४	०६१-४६२५६१
५.	ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय	सिद्धार्थनगर	०७१-५२०३४४	०७१-५२०१८९
६.	ने.रा.बैंक, नेपालगञ्ज कार्यालय	नेपालगञ्ज	०८१-५२०३२६	०८१-४१५०८३
७.	ने.रा.बैंक, धनगढी कार्यालय	धनगढी	०९१-५२७७०८	०९१-५२१३२२
८.	ने.रा.बैंक, सुर्खेत कार्यालय	सुर्खेत	०८३-५२०५१७	०८३-५२३८८१